# फिदिम नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## (प्रशासन शाखा)
फिदिम, पाँचथर

फिदिम नगरपालिका नगरकार्यपालिकाको कार्यालय फिदिम, पाँचथर १ नं. प्रदेश, नेपाल

"समृद्ध शहर, फिदिम नगर"
१ नं. प्रदेश, नेपाल

**सेवा करारमा किसान सूचीकरण सहजकर्ता पदपूर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७८।११।०४)

आ.व. ०७८।७९ मा सञ्चालन हुने किसान सूचीकरण कार्यक्रम यस नगरपालिकाको देहायअनुसार वडाहरुमा कार्यान्वयन गर्न देहायमा उल्लेखित पदका कर्मचारीहरुको सेवा करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिसहित तोकिएको फाराम भरी यस कार्यालयमा दरखास्त दिनुहुन सूचित गरिन्छ ।

**देहाय :**

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १. | ०३।०७७।०७८ | किसान सूचीकरण सहजकर्ता | १५ | फिदिम नगरपालिका वडा नं. १०,११,१२,१३ र १४ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव

क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा कक्षा १२ वा सो सरहको परीक्षा उतीर्ण गरेको,

ख) सूचना प्रकाशित मितिले १५ दिनभित्रमा कम्तीमा २१ वर्ष उमेर पूरा भएको,

ग) इन्टरनेट चलाउन सक्ने,एन्ड्रोइड वा स्मार्ट फोन वा ट्याब्लेट वा ल्यापटप भएको व्यक्ति र

घ) प्रचलित कानूनले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

२. परिक्षा दस्तुर: रु. तीनसय (रु. ३००।००) मात्र ।

३. दरखास्त फाराम पाईने स्थान: फिदिम नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने ।

४. दरखास्त बुझाउनुपर्ने स्थान: फिदिम नगरपालिकाको कार्यालय,पाँचथर । नगरपालिकाको Website:phidimmun.gov.np मा राखिएको दरखास्त फाराम डाउनलोड गरी नेपाल बैँक लिमिटेडमा रहेको फिदिम नगरपालिकाको खाता नं.०६७०३०००००१००१०००००१ मा परिक्षा दस्तुर जम्मा गरेको भौचरको -स्क्यान कपि संलग्न राखी आवश्यक विवरण भरी नगरपालिकाको इमेल: phidim.municipality@gmail.com मा समेत पठाउन सकिनेछ । इमेल मार्फत दरखास्त पठाउने आवेदकले परिक्षा कार्यक्रमको मिति अगावै कार्यालयमा आफैं उपस्थित भई प्रवेश पत्र बुझ्नुपर्नेछ ।

५. दरखास्त दिने अन्तिम मिति:२०७८।११।१८ गते कार्यालय समयभित्र ।

६. छनौटको पद्धति: अन्तर्वाता परिक्षा कार्यक्रम ।

७. परिक्षा मिति: दरखास्त संकलनको काम सकिएपछि फिदिम नगरपालिकाको वेभसाईटमा राखिनेछ ।

८. आवेदन तथा संलग्न राख्नुपर्ने कागजातहरु: आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु:

**क.** नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

**ख.** न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपि

**ग.** ३ प्रति पासपोर्ट साईजको फोटो

९. सेवा सुविधा तथा अन्य शर्तहरु: सहजकर्ताहरुले प्रत्येक किसानको वैयक्तिक विवरण तथा कृषि तथ्यांक संकलन गरी सूचना प्रणालीमा प्रविष्ट गरेबापत प्रतिघरधुरी ७५ रुपैँयाका दरले पारिश्रमिक पाउनेछन् ।

१०. विस्तृत जानकारिका लागी किसान सूचीकरण कार्यक्रम कार्यान्वयन लागि यस नगरपालिकाको सम्पर्क व्यक्ति अधिकृत छैंटौ श्री याम बहादुर संग्रौलाको मोबाईल नं. ९८१७३५८०५४ मा सम्पर्क गर्न सकिनेछ

फिदिम नगरपालिका

गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०२४-५२०१०७, ०२४-५२११०८, फ्याक्स: ०२५-५२१००८
ईमेल: phidim.municipality@gmail.com,
वेबसाईट: http:phidimmun.gov.np